**भारतीय राजदूतावास**

**काठमाडौं**

********

**प्रेस विज्ञप्ति**

**नेपालको डडेल्धुरा जिल्लामा दुईवटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु क्रमशः श्री दुर्गा माध्यमिक विद्यालय र श्री नवदुर्गा माध्यमिक विद्यालयका विद्यालय भवनको उद्‍घाटन**

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. २.३८ करोड आर्थिक सहयोगमा निर्माण गरिएको डडेल्धुराको आलिताल गाउँपालिकास्थित श्री दुर्गा माध्यमिक विद्यालयको विद्यालय भवनको मिति २०८१ भाद्र १९ गते नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव, जिल्ला समन्वय समितिका प्रमुख श्री गगन सिंह भण्डारी तथा डडेल्धुराको आलिताल गाउँपालिकाका अध्यक्ष श्री शेर सिंह पार्कीले संयुक्त रुपमा औपचारिक उद्‍घाटन गर्नुभयो । त्यस्तै भारत सरकारको नेरु. २.१३ करोड आर्थिक सहयोगमा डडेल्धुराको नवदुर्गा गाउँपालिकास्थित श्री नवदुर्गा माध्यमिक विद्यालयको विद्यालय भवनको पनि आज नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव, जिल्ला समन्वय समितिका प्रमुख श्री गगन सिंह भण्डारी तथा डडेल्धुराको नवदुर्गा गाउँपालिकाका अध्यक्ष श्री लक्ष्मी प्रसाद अवस्थीले संयुक्त रुपमा औपचारिक उद्‍घाटन गर्नुभयो । यी कार्यक्रमहरुमा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग श्री दुर्गा माध्यमिक विद्यालय र श्री नवदुर्गा माध्यमिक विद्यालयलाई आवश्यक अन्य सुविधासँगै विद्यालय भवनको निर्माणमा उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यी परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो । जिल्ला समन्वय समिति, डडेल्धुरामार्फत यी परियोजनाको कार्यान्वयन गरिएको थियो ।

३. नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवले यी परियोजनाहरु भारत र नेपालबीचको अत्यन्तै बलियो विकास साझेदारीको महत्वपूर्ण उदाहरणको रुपमा रहेको उल्लेख गर्दै यो साझेदारीले पछिल्ला वर्षहरुमा नेपाल सरकार र नेपाली जनताका विभिन्न प्राथमिकताका क्षेत्रमा उल्लेख्य प्रगति गरेको बताउनुभयो । वहाँले नेपाल सरकारले तय गरेका प्राथमिकता अनुरुप र दुवै देशका जनताको हितका निमित्त विकास साझेदारीलाई अझ मजबुत बनाउन भारत सरकार सधैं प्रतिबद्ध रहेको बताउनुभयो ।

४. कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख, आलिताल गाउँपालिकाका अध्यक्ष, नवदुर्गा गाउँपालिकाका अध्यक्ष र राजनीतिक प्रतिनिधिले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गर्नभएको थियो ।

५. सन् १९७० मा प्राथमिक विद्यालयको रुपमा श्री दुर्गा माध्यमिक विद्यालयको स्थापना भएको थियो । पछि निम्न माध्यमिक हुँदै माध्यमिक तहमा स्तरोन्नत भएको थियो । हाल, विद्यालयले प्रारम्भिक बाल विकास (ईसिडी) देखि कक्षा १२ सम्मका कक्षाहरु

सञ्चालन गरेको छ । यस विद्यालयमा कुल विद्यार्थी संख्या लगभग ७०० जना छन् जसमध्ये ५७ % छात्राहरु रहेका छन् । त्यस्तै श्री नवदुर्गा माध्यमिक विद्यालय सन् १९५९ मा प्राथमिक विद्यालयको रुपमा स्थापना भएको थियो । पछि निम्न माध्यमिक हुँदै माध्यमिक तहमा स्तरोन्नत भएको थियो ।  यो विद्यालय यस जिल्लाकै पुरानो विद्यालयहरु मध्येको एक हो । हाल, कक्षा १ देखि १० सम्म अध्यापन हुने यस विद्यालयमा कुल विद्यार्थी संख्या करिब ३०० जना छन् जसमध्ये ६० % छात्राहरु रहेका छन् ।

६. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

काठमाडौं, नेपाल

२०८१ भाद्र २०